# गण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः९** **संख्याः ४** **मितिः२०८२।१०।२७**


## भाग-२

# गण्डकी गाउँपालिका

# नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२

प्रमाणीकरण मितिः
२०८२।१०।२५

**प्रस्तावनाः** निर्माण सामाग्रीका रुपमा रहेको ढुङ्गा, ग्राबेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट र माटो जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) (६), प (७) र दफा ६२ क. को व्यबस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ र ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँ कार्यपालिकाले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि गण्डकी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लागू भएको मानिनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'कार्यविधि" भन्नाले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) 'नदीजन्य पदार्थ भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोला, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजि जग्गामा विग्रीएको र थुप्रिएको ढुङ्गा, ग्रावेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, रोडा, पाँगो, भरुवा, माटो तथा बहुमुल्य पत्थर, शिला चुनढुङ्गा, स्लेट ढुङ्गा, दहत्तर बहत्तर (काठ, दाउरा र नदीको बहाब वाट वगी आउने सबै खाले वस्तु र पदार्थलाई सम्झनु पर्छ ।

(ग) "मापदण्ड भन्नाले नेपाल सरकारको "ढुङ्गा, गिटि, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(घ) "अनुगमन समिति" भन्नाले दफा २० बमोजिमको अनुगमन समिति सम्झनु पर्दछ।

(ङ) "वातावरणीय अध्ययन प्रदिवेदन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २(ड) र गण्डकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को २(द) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण, संक्षिप्त बातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धमा तयार गरिएको अध्ययन प्रतिवेदन सम्झनु पर्दछ ।

(च) "प्रारम्भिक बातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ दफा २(ड) र गण्डकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने वा नपर्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(छ) संक्षिप्त बातावरणीय अध्ययन भन्नाले वातावरण संरक्षण ऐन, २०७६ र गण्डकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(ज) "बातावरणीय प्रभाव मुल्याङ्कन भन्नाले वातावरण संरक्षण ऐन, २०७६ र गण्डकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(झ) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले करार क्रसर, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यसै प्रकितिका अन्य उद्योग मेसनरिलाई जनाउने छ । उद्योग भन्नाले क्रसर उद्योग वा अस्थायी क्रसर उद्योग समेत लाई जनाउने छ।

(ञ) "क्रसर उद्योग" नदीजन्य पदार्थ उत्पादन, बिक्रि वितरण तथा व्यवस्थापन गर्न "क्रसर उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी प्रक्रिया तथा मापदण्ड २०८०" बमोजिम नेपाल सरकारमा दर्ता भएको र नेपाल सरकार बाट अनुमति प्राप्त भएको उद्योग सम्झनु पर्छ।

(ट) "अस्थायी क्रसर उद्योग" कुनै नदीजन्य पदार्थ आवश्यक पर्ने योजना, आयोजना वा निश्चित तोकीएको कार्य सम्पन्न गर्न निश्चित समय तोकी गाउँपालिकामा दर्ता भएको र गाउँपालिका बाट अनुमति प्रदान गरिएको अस्थायी प्रकृतिको उद्योग सम्झनु पर्छ।

(ठ) "घाटगद्दि" भन्नाले नदीजन्य पदार्थ वा वहत्तर बहत्तर संलग्न वा उत्खन्न वा प्रसोधन गरी नाप पैमाईस गर्न वा अस्थाई भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ।

(ढ) "राजश्व" भन्नाले राष्ट्रिय वन क्षेत्रबाट नदीजन्य पदार्थ दहत्तर बहत्तर र दहत्तर बहत्तर काठ दाउरा आदी बाट प्राप्त भै नेपाल सरकार प्रदेश र स्थानीय सरकारलाई बुझाउनु पर्ने सरकारी रकम सम्झनु पर्दछ।

(ड) "शुल्क" भन्नाले बन क्षेत्र बाहिर उत्खनन् संलग्न भएका नदीजन्य पदार्थ विक्रीबाट प्राप्त रकमलाई जनाउने छ। यो शब्दले निजि जग्गाबाट व्यवसायिक प्रयोजनका लागि संलग्न तथा बिक्रि भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने शुल्क समेतलाई जनाउने छ।

(ण) "स्थानिय तह" भन्नाले संविधानको धारा ३०६ को उप धारा (१) बमोजिमको स्थानिय तह सम्झनु पर्दछ ।

(ण) "प्राविधिक समिति" भन्नाले दफा १९ बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारीत उद्योग स्थापना र सञ्चालन सम्बन्धि व्यवस्था :

३. **दर्ता र स्थापना :** (१) क्रसर उद्योगको दर्ता, स्थापना: नदीजन्य पदार्थमा आधारीत क्रसर उद्योगको दर्ता र स्थापना "क्रसर उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी प्रक्रिया तथा मापदण्ड २०८०" बमोजिम हुनेछ।

(२) आस्थायी क्रसर उद्योगको दर्ता, स्थापना : नदीजन्य पदार्थमा आधारीत अस्थायी क्रसर उद्योगको दर्ता, स्थापनाको लागी गाउँ कार्यपालिकाले अनुमति दिनेछ। योजना, आयोजना वा निश्चित तोकीएको कार्य सम्पन्न गर्न निश्चित समयको लागी गाउँ कार्यपालिकाले दिएको अनुमति लाई दर्ता, स्थापना भएको मानिनेछ।

४. **अनुमती लिनु पर्ने :** (१) नदीजन्य पदार्थमा आधारीत क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची -१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको दरखास्त दिने व्यक्ती वा संस्थालाई गाउँपालिकाले अनुसूची -२ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) उप दफा (१) बमोजिम क्रसर उद्यगको अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका सर्त वा क्रसर उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी प्रक्रिया तथा मापदण्ड २०८० मा तोकीएका कागजातहरु पेश गर्नुपर्नेछ।

(४) उप दफा (१) बमोजिम अस्थायी क्रसर उद्यगको अनुमतिका लागि दरखास्त दिँदा देहायबमोम कागजातहरु पेश गर्नुपर्नेछ।

क. फोर्म दर्ताको प्रमाण पत्र,

ख. करचुक्ताको प्रमाण पत्र,

ग. नागरिक्ताको प्रमाण पत्र,

घ. नबिकरण गरेको प्रमाण,

ङ. सो घोषणा सम्बन्धि कागज,

च. जग्गा सम्झौता पत्र वा लालपुर्जा

छ. आयोजना वा परियोजना संचालन गर्ने कार्यालयको पत्र

ज. आयोजना वा परियोजनामा आवश्यक पर्ने नदिजन्य पदार्थको परिमाण खुल्ने आयोजना वा परियोजना संचालन गर्ने कार्यालयको पत्र

झ. योजना वा आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन

(५) साविकमा दर्ता भै सञ्चालनमा रहेका उद्योगहरुले स्थानिय निकायको पुनः संरचना भै कायम भएका गाउँपालिकामा सुचिकृत गरी सञ्चालनको सहमति लिनु पर्नेछ ।

(६) अस्थायी क्रसर उद्योग स्थापना सञ्चालन तथा अनुमतीका लागि अन्य व्यवस्थाहरु गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**५. संचालन सम्बन्धी व्यवस्था:** (१) उद्योग संचालन गर्दा अनुसूची ३ बमोजिमको दूरी सम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ।

(२) नयाँ स्थापना हुने उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परीमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) उद्योग लगायतका वालुवा पाँगो धुने र प्रशोधन गर्ने मेशीन (फिरफिरे) तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(४) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(५) प्रचलित कानून वमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, उद्योग तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी गाउँपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा सम्बन्धित गाउँपालिकाले बन्द गर्न सक्नेछ ।

(८) उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका उद्योगलाई गाउँपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा गाउँपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ र अस्थाई क्रसर उद्योगको दर्ता खारेजी गाउँपालिकाले गर्नेछ ।

(९) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगका हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा गाउँपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

(१०) क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न पाउने छैन ।

(११) उपदफा (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क गाउँपालिका लाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ ।

(१२) उद्योगलाई गाउँपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादित परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

## परिच्छेद ३

## उत्खनन्, संकलन र घाटगद्दी सम्बन्धि व्यवस्था :

६. **कार्ययोजना बनाउनेः** (१) गाउँपालिकाले देहायका कुराहरु समावेश गरि नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी सम्बन्धि कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन् र संकलन गर्न हुने र नहुने क्षेत्र

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी/ खोला /खोल्सी/ खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुन सक्ने अनुमानित वार्षिक परिमाण

(ग) पुर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता

(घ) भण्डारण वा घाटगद्दी स्थल

(ङ) विक्री वितरणको प्रक्रीया

(च) संलग्नको विधि र प्रयोग हुने मेशिनरी औजार

(छ) गाउँपालिकाले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ (राजश्व)

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १९ बमोजिमको प्राविधिक समितिबाट फिल्ड निरिक्षण गराई लिखित प्रतिवेदन लिई सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(३) प्राविधिक समितिको प्रतिवेदनलाई आधारमानी ढुङ्गा, ग्रावेल, बालुवा, गिट्टी मिस्कोट, भरकोट, गेग्राम, माटो जस्ता नदीजन्य पदार्थ उत्खनन् र संलग्न सम्बन्धमा तयार परीएको कार्ययोजनालाई कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(४) यस दफा बमोजिमको कार्ययोजना प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तसम्म र पहिलो वर्षको लागि यो कार्यविधि राजपत्रमा प्रकाशित भएको एक महिनासम्म तयार गर्नु पर्नेछ ।

७. **वातावरणीय अध्ययनः** (१) गाउँपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन् र संकलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक बातावरणीय परिक्षण वा संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक बातावरणीय परिक्षण वा संक्षिप्त वातावरणीय अध्ययन वा बातावरणीय प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् संकलन प्रसोधन र विक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्दा वातावरणीय अध्ययन प्रदिवेदनमा औंल्याईएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

८. **सूचना प्रकाशन गर्ने :** (१) वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक समितिले सिफारीस गरेको खोला, नदी, खहरे खोल्सी र नदी उकास क्षेत्रबाट बार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी स्टिमेट तयार गरी नियमानुसार स्वीकृति गर्नु पर्नेछ। नदिजन्य पदार्थको संकलन, उत्खनन् र बिक्रि कार्यको लागी ठेक्का व्यवस्थापन गर्नु पूर्व अनुसूची ७ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिक समिति वाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्दछ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र निकासीका लागि दरभाउ पत्र वा बोलः पत्र आह्वान गरी राष्ट्रिय स्तरको दैनिक पत्रिका वा वेभसाईट र स्थानिय रेडियोमा सूचना प्रकाशन गर्नु पर्नेछ । नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची -८क बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउ पत्र / बोल पत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान / खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, आवश्यक धरौटि सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(४) दरभाउ पत्र बोलपत्र साथ दरभाउ पत्रदाता / बोलपत्र दाताले कबोल गरेको दररेट रकमले संकलन गर्न प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कुल कबोल रकमको नियमानुसारको धरौटि बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउ पत्र / बोलपत्रहरु सकेसम्म सोहि दिन दरभाउ पत्रदाता / बोलपत्र दाता प्रतिनिधिको रोहोबरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाइ सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राखु पर्नेछ। दरभाउ पत्रदाता /बोलपत्र दाताको अनुपस्थितिले तोकीएका उल्लेखित कार्यगर्न वाधा पर्ने छैन ।

(६) कुनै लटमा दरभाउ पत्र / बोलपत्र नपरेमा पुर्व प्रकाशित सूचनाको कम्तीमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ। तेस्रो/चौथो पटकको सूचना प्रकाशन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको प्रत्येक घाट(छुट्टा छुट्टै क्षेत्र वा स्थान) अनुसारको परिमाणको छुट्टाछुट्टै दरभाउ पत्र वा बोलपत्र १५ दिनको अवधि दिई आह्वान गर्न सकिनेछ। दोस्रो/ तेस्रो/चौथो पटकमा पनी दरभाउ पत्र/बोलपत्र नपरेमा स्वीकृत दररेटमा संलग्न र घाटगद्दीको कार्य अमानत बाट गराउन सकीनेछ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायि संग सम्झौता गरी कार्यदिश दिन सकिनेछ ।

(७) बोल पत्र आह्वान भएकोमा एक स्थानका लागि एक मात्र दरभाउ पत्र / बोलपत्र परेको अवस्थामा समेत त्यस्तो दरभाउ पत्र / बोलपत्र खोल्नका लागि बाधा परेको मानिने छैन। यसरी कायम राखिएको दरभाउपत्र / बोलपत्र पुनः प्रकाशित सूचनाको प्रावधान अनुसार दाखिला गर्न पाउने अन्तिम मितिको २४ घण्टा अगाडीसम्म फिर्ता माग आएमा बन्द अवस्था मै फिर्ता दिनु पर्नेछ । पुनः प्रकाशित सूचना अनुसार म्याद भित्र फिर्ता नलगेमा पछि दाखिला भएका दरभाउ पत्र / बोलपत्रमा समावेश गरी खोली मुल्याङ्कन गर्नु पर्नेछ। पहिले कायम रहेको दरभाउ पत्र /बोलपत्र फिर्ता भै पुनः एक मात्र दरभाउ पत्र / बोलपत्र परेमा सो दरभाउपत्र / बोलपत्र खोलि मुल्याङ्कन गर्नु पर्नेछ ।

९. **मुल्याङ्कन** : (१) म्याद भित्र दाखिला भै खोलिएका दरभाउ पत्र उपर कार्यालयले निर्णय गर्नेछ । बोलपत्रहरुको हकमा बोलपत्र मुल्याङ्कन समिति गठन गरि समितिको सिफारीसका आधारमा दराभाउ पत्र/बोलपत्र खोलिएको सात दिन भित्र सदर/बदर गर्नु पर्नेछ ।

१०. **कार्यदिश सम्बन्धि व्यवस्था:** (१) दरभाउ पत्र/बोलपत्र स्वीकृत भए पश्चात कार्य सम्झौताको लागि स्वीकृत दरभाउ पत्र दाता/ बोलपत्र दातालाई १५ (पन्द्र) दिनको म्याद दिई सूचना गर्नु पर्नेछ । तोकीएको म्याद भित्र सम्झौता गर्न नआएमा निजका नामको धरौटी जफत गरी क्रमश दोस्रो र तेस्रो बढी दर रेट कबोल दातालाई सम्झौताका लागि आह्वान गर्नु पर्नेछ। सम्झौता नभए सम्म तेस्रो वढी कबोलदाता सम्मको धरौटि कायम राख्नु पर्नेछ । ठेक्का प्राप्त गर्ने व्यक्ति/व्यवसायी सँग अनुसूची ८ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची ८ग बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्नेछ ।

(२) वनक्षेत्र बाहेक सार्वजनिक क्षेत्रबाट संकलन गरीने नदीजन्य पदार्थका हकमा स्थानिय तहले संकलन हुने गरीने खोला, नदी, खहरे खोल्सी र नदी उकाश क्षेत्रको स्थान, उत्खनन् संकलन हुने परिमाण, अवधी, उत्खनन् संकलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान तोकी सम्झौंता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यदिश दिनु पर्नेछ ।

(३) वनक्षेत्रबाट ढुङ्गा, गिट्टी, वालिवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन गर्दा ठेक्का लगाउने गाउँपालिकाले सम्बन्धित डिभिजन बन कार्यालयलाई संकलन गर्ने स्थल, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दी स्थल आदिको पुर्ण विवरण सहित अग्रिम जानकारी गराई वन प्रवेश ईजाजत माग गर्नु पर्नेछ । डिभिजन बन कार्यालयले अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ।

(४) डिभिजन बन कार्यलयवाट वन प्रवेश ईजाजत प्राप्त भएपछि वन प्रवेश ईजाजतमा उल्लखित शर्तहरूको प्राबधान समेत समावेश गरि व्यवसायीसंग सम्झौता गरि कार्यदिश दिनु पर्नेछ।

(५) कार्यदिश पाएका व्यवसायीले उत्खनन्, संकलन, घाटगद्दी र निकासि कार्य सुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानिका साधन र चालकको विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) नदीजन्य पदार्थको उत्खनन्, संकलन र निकासि गर्दा माटो, पानि कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावाण तथा सडक नहर, स्कूल, कलेज, मानव बस्ती जस्ता भौतिक

पुर्वाधारको संरक्षणका लागि आवश्यक परेमा कार्यापालिकाले सूचना प्रकाशित गरी नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरि नदीजन्य पदार्थ उत्खनन् र संकलनमा रोक लागाउन सक्नेछ ।

(७) नदीजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्दि गर्ने कार्य जेठ मसान्त देखि भाद्र मसान्त सम्म गर्न पाईने छैन ।

(८) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य सुर्यास्त देखि सुर्योदयसम्म गर्न पाईने छैन ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, तथा डुबानका कारण राजमार्ग, खेत बारी, गाँउ, बस्ती, सहर बजार, पक्किपुल जस्त क्षेत्रमा थुपारेको नदिजन्य पदार्थ हटाउनु पर्ने भएमा मेशिनरी साधन प्रयोग गरि उत्खनन् गर्नका लागि कार्यपालिकाले तत्काल आदेश दिन सक्नेछ ।

**११. नदीजन्य पदार्थको भण्डारणः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै निजी व्यवसायी वा फर्मले कानूनले तोके बमोजिमको रोयलल्टी, शुल्क बुझाइ भण्डारण गर्नका लागि गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ । नदीजन्य पदार्थ संकलन स्थलबाटै सिधै बजारमा लगी बिक्री वितरण गर्न सकिनेछ। बजारमा माग नभएको अवस्थामा मात्र गाउँपालिकाबाट अनुमति लिई अनुसूची-६ बमोजिम भण्डारण गर्नु पर्नेछ । यस कार्यविधिको अधिनमा रही भण्डारण सम्बन्धि अन्य बाँकी विधि, प्रकिया र शर्तहरू दुई पक्षीय सम्झौता बमोजिम हुनेछ । उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका तोक्नु पर्नेछ । तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची ९ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ संकलनकर्ताले वनक्षेत्र, चुरे क्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडकको राईट अफ वे, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा साँस्कृतिक महत्वका पूर्वाधारको आसपास एवं विद्यालय/कलेज स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुँदैन।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानूनको प्रक्रिया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ ।

(४) निषेधित क्षेत्र तथा सार्वजनिक ऐलानी तथा पर्ती क्षेत्रमा विना अनुमति नदीजन्य पदार्थ भण्डारण गरेमा गाउँपालिकाले जफत गर्नेछ । यसरी जफत भएको नदीजन्य पदार्थ सम्बन्धित स्थानीय तहले लिलाम गर्नेछ ।

(५) नदीजन्य पदार्थ संकलनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा बन कार्यालयको सहयोग लिइ भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरिपरी कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न हुँदैन ।

(७) उत्खनन् संकलन गर्दा आएको नदीजन्य पदार्थ नासिन, हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(८) दहत्तर बहत्तर (काठ दाउरा) को सङ्कलन, घाट गद्दी र भण्डारण प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(९) उपदफा (८) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र उत्खनन्, संकलन र भण्डार गर्नु गराउनु हुँदैन । तोकिएको स्थानवाट तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु उत्खनन्, संकलन र भण्डारण गर्न पाइने छैन। तोकिएको स्थान बाहेक अन्यत्र उत्खनन्, संकलन र भण्डारण गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु गाउँपालिकाले जफत गर्नेछ।

(१०) नदीजन्य पदार्थको संकलन गरि भण्डारण (स्टोरेज) गर्ने कार्य जेष्ठ मसान्त भित्र गरि सक्नुपर्नेछ र सो भण्डारण गरेको परिमाणको प्रतिवेदन भण्डारण गरेको मितिले ७ दिन भित्र कार्यालयमा पेश गर्नु पर्नेछ।

१२. **संकलन र घाटगद्दीको व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै निजी व्यवसायी वा फर्मले कानूनले तोके बमोजिमको रोयलल्टी, शुल्क बुझाइ नदीजन्य पदार्थको संकलन, उत्खनन् र घाटगद्दी गर्नका लागि गाउँपालिकावाट अनुमति लिनु पर्नेछ । यसरी अनुमति दिनु पहिले नदिजन्य पदार्थको संकलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि, घाटगद्दि भएको नदीजन्य पदार्थको नाप तौल र सो कार्य गरे बाफत दिनु पर्ने भूक्तानी प्रक्रीयाका विषयमा सम्बन्धित व्यवसायीसंग सम्झौता गर्नु पर्नेछ । संकलित नदिजन्य पदार्थको घाटगद्दी गर्ने स्थान तोकी सम्झौता गर्नुपर्नेछ । घाटगही तोक्दा वन क्षेत्र र अन्य क्षेत्रको अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ।

(२) उप दफा (१) बमोजिम घाटगद्दीको स्थान छनौट गर्दा अनुसूची ३ बमोजिम हुनेछ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदिजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ । कार्यसम्पन्न पक्षात घाटगद्दिको स्वामित्व गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ । घाटगद्दी हस्तान्तरण नभए सम्म घाटगद्दी स्थानको सुरक्षाको दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(४) दहत्तर बहत्तर काठ दाउराको संकलन र घाटगद्दी प्रचलीत अन्य ऐन, नियम र निर्देशनका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल वाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदिजन्य पदार्थ वाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाईने छैन। तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गरे गराएमा वा नदीजन्य पदार्थका वाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार हुँदै गरेको अवस्थामा फेला परेमा माल बस्तुको प्रचलित बिक्रि मुल्यको दोब्बर रकम असुल गरि यस्तो माल बस्तु जफत गर्नेछ ।

(६) प्राविधिक समिति र अनुगमन समितिले घाटगद्दी स्थलको निरिक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(७) सम्झौता बमोजिम नदी, खोला, खहरे खोल्सी र नदीको उकाश क्षेत्रबाट निकालिएको र घाटगद्दी गरीएको नदीजन्य पदार्थको मासिक विवरण पछिल्लो महिनाको ७ गते भित्र र वार्षिक विवरण समेत व्यवसायीले कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) घाटगद्दीका लागि अनुसुची १ बमोजिम व्यबसायिले आवश्यक कागजातका साथमा निवेदन दिनु पर्नेछ । गाउँपालिका अध्यक्ष स्तरिय निर्णयबाट प्रमुख प्रशासकीय अधिकृत मार्फत घाटगद्दी अनुमती पत्र प्रदान हुनेछ ।

(क) सम्झौता अनुसार नदीजन्य पदार्थ संकलन गर्ने क्षेत्रको प्राबिधिक समितिबाट अन्तिम जाँच गराउनु पर्नेछ ।

(ख) नदीजन्य पदार्थ उत्खनन् संकल गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकुल भए नभएको कुरा प्राविधिक समितिको अन्तरिम जाँच प्रदिवेदनमा खुलाउनु पर्नेछ ।

(ग) तोकिएको क्षेत्र भन्दा अन्यत्रवाट नदीजन्य पदार्थ संकलन उत्खनन् गरेको पाईएमा प्राविधिक समितिले क्षतिको मुल्याङ्कन गरी कारबाहीका लागि कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(घ) नदिजन्य पदार्थ निकाल्दा प्राविधिक समितिले सिफारिस गरे वाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्र बाट उत्खनन् संकलन गरेको कारण वा सो स्थानको पुनः स्थापना गर्नु परेमा पुनः स्थापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरि पुनः स्थापना गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर विक्री तथा राजश्व बाडफाड :

**१३. नदीजन्य पदार्थको सदुपयोगः** (१) गाउँपालिकाले घाटगद्दी, भण्डारणमा भएको नदीजन्य पदार्थको विक्री तथा सदुपयोग सम्बन्धि व्यवस्था मिलाउने छ। सो कार्यका लागी स्थानिय आवश्यक्ता, माग, विकास निर्माणलाई चाहिने मागको आपूर्तिलाई प्राथमिकता दिईने छ । ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाको लागी मापदण्डको दफा १२ बमोजिम हुनेछ।

(२) विशेष अवस्थामा बाहेक घाटगद्दीमा आम्दानी भएको नदीजन्य पदार्थ देहाय बमोजिम लिलाम प्रक्रियाद्धारा बिक्रि बन्दोबस्त मिलाउनु पर्नेछ ।

(क) लिलाम बिक्री गरिने नदीजन्य पदार्थको विक्री दर र संकलन गर्दा लागेको खर्च जोडी हुन आउने रकमको न्यूनतम मुल्य निर्धारण गरी सिलबन्दी बोलपत्र/बोलपत्र आह्वान गर्नु पर्नेछ। यसरी आह्वान गर्दा दफा ६, दफा ७ र दफा ८ बमोजिमको प्रक्रिया द्वारा गर्नुपर्नेछ।

(ख) लिलाम विक्रि सम्बन्धि प्रक्रिया प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

(३) राष्ट्रिय गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ गाउँपालिकाले तोकेको दरमा घाटगद्दिवाटै उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ । सार्वजनिक निर्माण कार्य छिटो छरितो गर्न र तत्कालको लागी आवश्यकता परिपुर्ति गर्नको लागी १००(सय) घनमिटर सम्मको नदिजन्य पदार्थ वडा कार्यालयले गाउँकार्यपालिकाको स्वीकृत कार्ययोजना वा कार्यपालिकाले तोकेको क्षेत्रबाट व्यवस्था गर्न सक्नेछ। यसरी वडा कार्यालयले उपलब्ध गराउँदा वडा अनुगमन समितिले अनुगमन तथा नियमन गर्नुपर्नेछ।

(४)योजना तथा आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ । यसरी निर्माण सामाग्री सङ्कलनको व्यवस्था मिलाउदा नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार बाट योजनामा प्रयोग हुने नदिजन्य पदार्थको परिमाण समेत माग गरी गाउँपालिकाको कार्यालय वा वडा कार्यालयमा राजश्व दाखिला गराउने व्यवस्था योजना संचालन कार्यालय र गाउँपालिकाले गर्नुपर्नेछ। गाउँपालिका बाट संचालनमा रहेका योजनाहरुको अन्तिम भुक्तानी गर्दा बाँकी रहेको राजश्व दाखिला गर्न लगाउने वा गाउँपालिकाले राजश्व दाखिल कट्टा गरी भुक्तानि दिन सक्नेछ।

(५) जग्गा धनीको निजी काम बाहेक व्यक्तिको निजी जग्गाबाट प्राकृतिक स्रोत संकलन र बिक्री गर्दा जग्गा धनीले कति घनफिट/वर्गफिट बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको प्राकृतिक स्रोत उत्खनन् गर्दा स्थानीय तहले देहायका कुरामा विचार गरेर मात्र स्वीकृत दिनु पर्नेछः

(क) साँध सीमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनु पर्नेछ।

(ख) उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो, नहर, साँध सीमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नगर्ने हुनु पर्नेछ।

१४. **नदीजन्य पदार्थको राजश्व दररेटः** (१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजश्व तथा बिक्रि दररेट अनुसूची- ४ बमोजिम हुनेछ। गैरकर सम्बन्धि प्रचलित कानुन बमोजिम लाग्नेछ ।

## परिच्छेद ५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

१५. **डुबानी तथा ओसारपसार सम्बन्धी व्यवस्था:** (१) नदीजन्य पदार्थको ओसारपसार गर्दा देहाय वमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको वा पानि चुहिने सामाग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाईने छैन ।

(ख) दुवानीका साधनले बहन गर्न पाउने तौल बन्दा बढी तौल लोड गरीएका डुबानीका साधन सडकमा गुडाउन पाईने छैन ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिवाट बाक्लो त्रिपालले ढाकि ढुवानी गर्नु पर्नेछ । ढुवानीका साधनलाई नछोपी खुल्ला रुपले डुवानी गर्न पाईने छैन ।

(घ) तोकेको सडक सिमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनैपनि समाग्री संकलन गर्न वा सञ्चय गरि राख्न पाईने छैन। नदिजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्कीङ गर्न पाईने छैन ।

(ङ) सहर वा बजार क्षेत्रमा नदिजन्य पदार्थ बोकेको सवारी साधन बिहान ९:०० बजे देखि १०:०० र साँझ ३:०० बजे देखि ५:०० बजे सम्म चलाउन पाईने छैन ।

(च) ढुवानी गर्दा सडकको मापदण्ड भारबान क्षमता हेरि शहरी क्षेत्रमा ढुवानी गर्ने साधनको तौलका सम्बन्धमा विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सकिने छ ।

(छ) नदीजन्य पदार्थको ढुवानी गर्दा सवारी साधनको अधिकतम गति ४० कि.मी. प्रतिघण्टा भन्दा बढी गरिने छैन ।

(२) अन्तर स्थानिय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसार पसार र डुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखि थप कर शुल्क वा दस्तुर लिन पाईने छैन ।

(३) ओसार पसार तथा ढुवानी सम्बन्धि अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

१६. **निषेधित कार्यहरु:** यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजिम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् संकलन भण्डारण र प्रसोधनको कार्य गर्न वा उद्योग संचालन गर्न ।

(ख) वातावरणी अध्ययन प्रतिवेदन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन् संकलन भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन् संकलनमा भण्डारण र प्रसोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत बाताबरणीय अध्ययन प्रतिवेदनका सर्त उलघंन गरि कार्य गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन् संकलन भण्डारण र प्रसोधनको कार्य गर्ने उद्योग संचालनका लागि तोकिएको मापदण्ड बिपरित कार्य गर्ने ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थान्तरण र सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन् र संकलन र प्रसोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमतिको बरखिलाफ उद्योग सञ्चालन गर्न ।

(झ) पुरातत्त्व, धार्मिक महत्वका वहु मुल्य ढुङ्गा पच्चरको उत्खनन् संकलन तथा बिक्री वितरण गर्न।

(ञ) कार्यबिधि बिपरीत हुनेगरी नदीजन्य पदार्थको उत्खनन् संकलन ओसार पसार विक्री बितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

**१७. उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रणः** (१) सम्बन्धित गाउँपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको गाउँपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परीमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।

(५) गाउँपालिका वा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम विक्री गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

(६) उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसूची - १०क बमोजिमको र दैनिक पटके विक्री वा दुबानी अभिलेख तेरिज अनुसूची- १०ख बमोजिमको ढाँचामा राखु पर्नेछ ।

(७) यस दफा बमोजिमका प्रावधानहरुलाई गाउँपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

**१८. सजायको व्यवस्थाः** दफा १४ को उप दफा (१) वमोजिमका निषेधित कार्य वा यो कार्यविधि बरखिलाफका कुनै कार्य गर्ने वा गराउने उपर अनुसूची ५ बमोजिम सजाय हुनेछ ।

## परीच्छेद ६

## अनुगमन मुल्याङ्कन

**१९. प्राविधिक समितको गठनः** (१) नदीजन्य पदार्थको उत्खनन्, संकलन वा उद्योग स्थापना र संचालन कार्यको प्रस्ताब कार्यन्वयन हुन पुर्व कार्यान्वयन गर्दा र कार्य सम्पन्न भै सके पछि वातावरणमा पर्ने प्रभावको अध्ययन विश्लेषण गरी सुझाव दिनका लागि एक प्राविधिक समिति गठन गरीने छ ।

(२) उप दफा (१) बमोजिमको प्राविधिक समितिमा देहाय अनुसारका सदस्य रहने छन्।

(क) भौतिक पूर्वाधार विकास शाखाको प्रमुख - संयोजक

(ख) प्राविधिक शाखाको कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य

(घ) गाउँ प्रहरी प्रतिनिधि- सदस्य

(ङ) राजश्व शाखाको प्रमुख - सदस्य

(च) बन वातावरण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(३) प्राविधिक समितिको कार्य विविरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थ संकलन हुने वोषहरुको स्थलगत सर्वेक्षण गरि स्वीकृत बाताबरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन भए पछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ संकलन गर्न सकिने स्थानको नक्सा सहितको विवरण निकाल्न सकिने, नदीजन्य पदार्थको परिमाण समेत एकीन गर्ने ।

(ख) संचालित नदिजन्य पदार्थमा आधारित उद्योगले संचालनका क्रममा वा संचालन पश्चात पर्ने सामाजिक आर्थिक र वातावरणीय पक्षको प्रभावबारे अध्ययन, निरिक्षण र विश्लेशण गरी असर र प्रभाव सहितको प्रतिवेदन पेश गर्ने ।

२०. **अनुगमन सम्बन्धि व्यवस्थाः** (१) नदीजन्य पदार्थ उत्खनन्, संलकन, भण्डारण, ओसार पसार र बिक्री वितरण तथा उद्योगको अनुगमन मुल्याङ्कन तथा नियमन गर्न गराउनका लागि एक अनुगमन समिति गठन गरीने छ ।

(२) उप दफा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिका पदाधिकारी रहने छन।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ प्रमुखले तोकेको कार्यपालिका सदस्य १ जना - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष १ - सदस्य

(ङ) बन बाताबरण समितिको संयोजक - सदस्य

(च) सम्बन्धित क्षेत्रको बासिन्दा वा सामाज सेवी वा संयोजकले तोकेको व्यक्ति -सदस्य

(छ) राजश्व शाखाको शाखा प्रमुख - सदस्य

(ज) बन वाताबरण समितिको सदस्य सचिव - सदस्य सचिव

(३) अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) अनुगमन समितिको कार्य देहाय बमोजिम हुनेछ ।

(क) बाताबरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत बिधि प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी आदिको निगरानी,

(घ) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालन गर्नुपर्नेछ । अनुगमन समितिले अनुसूची ११ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(ङ) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(च) उपदफा (ङ) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालि अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ।

(छ) अनुगमन समितिले माग गरे बमोजिमको सूचना, तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(ज) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् गरेको पाइएमा अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्न निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(झ) उपदफा (ज) बमोजिम जफत गरिएको मालवस्तु गाउँपालिकाले प्रचलित कानून बमोजिम लिलाम विक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

२१. **वडा अनुगमन सम्बन्धि व्यवस्थाः** (१) दफा ११(३) को प्रयोजनको वडा अनुगमन समिति गठन गरिनेछ।

(२) उप दफा (१) बमोजिमको वडा अनुगमन समितिमा देहाय बमोजिका पदाधिकारी रहने छन।

| | |
|---|---|
| (क) वडा अध्यक्ष - | संयोजक |
| (ख) सम्बन्धित वडाको प्राविधिक - | सदस्य |
| (ग) वडा सचिव - | सदस्य सचिव |

(३) वडा अनुगमन समितिको कार्य देहाय बमोजिम हुनेछ ।

(क) बाताबरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत बिधि प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी आदिको निगरानी,

(घ) सार्वजनिक निर्माण कार्य छिटो छरितो गर्न र तत्कालको लागी आवश्यकता परिपुर्ति गर्नको लागी गाउँकार्यपालिकाको स्वीकृत कार्ययोजना वा कार्यपालिकाले तोकेको क्षेत्रबाट १०० (सय) घनमिटर सम्मको नदिजन्य पदार्थ व्यवस्था गर्ने,

(ङ) राजश्व दाखिला सम्बन्धी कार्य,

(च) वडा अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा अनुगमन समितिलाई सुझाव दिने,

(छ) गाउँकार्यपालिकाले तोकेका अन्य कार्य।

## परिच्छेद ७
## विविध

२२. **नदीजन्य पदार्थमा आधारीत उद्योग स्थापना, भण्डारण र सञ्चालन सम्बन्धि मापदण्डः** (१) नदीजन्य पदार्थ उत्खनन्, संकलन, धाटगद्दी गर्ने प्रयोजनका लागी अनुसूची (३) बमोजिम दुरि सम्बन्धि मापदण्ड लागु हुने छ ।

(२) उद्योग दर्ता र संचालन सम्बन्धि अन्य विषयहरु प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

२३. **वाताबरणीय पुनः स्थापनाः** (१) उत्खनन् क्षेत्र वा आसपासका क्षेत्रमा कार्यसम्पन्न भैसके पछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने, पोखरी निर्माण, खोलाको बहाव नियान्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनः स्थापनाका कार्यहरु गर्न योजना बनाउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् र संकलन कार्यवाट बाताबरण, टोल, बस्ती, कृषि भूमि, वन क्षेत्र र जलाधारमा प्रतिकुल प्रभाव परेको अवस्थामा खोला नदी र आसपासका क्षेत्रको भू-बनोट, प्राकृतिक सुन्दरता, बन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जिवन्त राख्न प्राविधिक समितिको सिफारिसमा सो कार्यमा तत्काल रोक लागाई संरक्षण र पुनः स्थापनाको कार्यकमहरु संचालन गर्नु पर्नेछ ।

२४. **सूचना पाटी राख्नेः** नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् वा ढुवानीकर्ताले सङ्कलन वा उत्खनन् गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने अनुसूची- १२ बमोजिमको सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थलमा राखे व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

२५. **थप व्यवस्था गर्न सक्नेः** मापदण्ड र यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मापदण्ड र यस कार्यविधिको प्रतिकुल नहुने गरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

२६. **विविधः** (१) यो कार्यविधि लागु हुनु पहिले सञ्चालनमा रहेको उद्योगको कार्यविधि लागु भएको एक महिना भित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित माल वस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालू आ.व को विक्री वितरणको परिमाण र भावि योजना सहितको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ। तत् पश्चात उत्खनन् संकलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा पेश गर्नु पर्नेछ ।

(२) घरायसी आवश्यकताका लागि स्लेट, ढुङ्गा उत्खनन् गर्दा गाउँपालिकाबाट अनुमति लिई बातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित रुपले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(३) दुङ्गा, ग्राबेल गिट्टी, बालुवा, माटो, चट्टान, खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा गाउँपालिकाले व्यवस्था गरे अनुसार हुनेछ ।

(४) यो कार्यविधि पालना गर्ने गराउने कार्यमा कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र सम्बन्धित कार्यालयहरुले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री, वितरण तथा यि पदार्थमा आधारीत उद्योगमा कामगर्ने मजदूरको बिमा, स्वास्थय सुरक्षा, तालिम र सुरक्षा सामाग्री सम्बन्धि व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

२७. **थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यक्ता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ ।

२८. **बाधा अड्काउ, फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले बाधा अड्काउ, फुकाउका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२९. **खारेजी र बचाऊः** (१) यो कार्यविधि लागु भएपछी यस पुर्व नदि जन्य पदार्थ व्यवस्थापन सम्बन्धी देहाय बमोजिमका कार्यविधि तथा कार्यपालिकाका निर्णयहरु स्वत: खारेज भएको मानिनेछ।

(क) ढुङ्गा, गिटि, वालुवा माटो जस्ता खानि जन्य वस्तुको प्राकृतिक स्रोत व्यवस्थापन कार्यविधि, २०७४

(ख) यस कार्यविधिले समेटेका कार्यपालिकाका निर्णयहरु

(२) उपदफा (१) बमोजिमका कार्यविधि, आदेश वा निर्णय बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**अनुसूची- १**
**(दफा ४ को उपदफा १ र दफा १२ को उपदफा ८ संग सम्बन्धित)**
**नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना, भण्डारण र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भुम्लिचोक, गोरखा।

विषय : अनुमति पाँउ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको उद्योग घाटगद्दी सञ्चालन गर्न ईच्छुक भएकोले मेरो/हाम्रो फोर्म कम्पनीलाई अनुमति पत्र प्रदान गरिदिन हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु / छौ, लेखिएको व्यहोरामा कुनै कुरा झुटो ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुला बुझौला ।

(१) फर्मको पुरा नाम:-
(२) फर्मको पुरा ठेगाना :-
(३) उद्योग सञ्चालन गर्ने स्थान:-
(४) उद्देश्य :-
(५) पूँजि:-
(६) कारोवार गर्ने चिज तथा कामको विवरण :—
(७) घाटगद्दी गर्ने क्षेत्रफल :-

दरखास्तवालाको नाम:-
हस्ताक्षर:-
नागरिकता नम्बर:-
सम्पर्क नं:-

**संलग्न कागजातहरु**
१. फर्म दर्ताको प्रमाण पत्र,
२. करचुक्ताको प्रमाण पत्र,
३. नागरिक्ताको प्रमाण पत्र,
४. नबिकरण गरेको प्रमाण,
५. सो घोषणा सम्बन्धि कागज,
६. जग्गा सम्झौता पत्र वा लालपुर्जा
७. अस्थायी क्रसर उद्योगको हकमा आयोजना वा परियोजना संचालन गर्ने कार्यालयको पत्र
८. आयोजना वा परियोजनामा आवश्यक पर्ने नदिजन्य पदार्थको परिमाण खुल्ने आयोजना वा परियोजना संचालन गर्ने कार्यालयको पत्र र योजना वा आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

**अनुसूची- २**

**(दफा ४ को उपदफा २ संग सम्बन्धित)**

**<u>नदीजन्य पदार्थमा आधारित उधोग घाटगद्दी स्थापना, भण्डारण र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा</u>**

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा।

विषय : अनुमति पत्र ।

श्री……………….

……………………………

तपाईको फोर्म र कम्पनिले ……………सम्बन्धित कार्य गर्नको लागी यस कार्यलयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कार्यवाहि हुँदा मिति ……………….को ……………….स्तरिय निर्णय अनुसार कार्य गर्ने गरी यो अनुमति पत्र दिईएको छ । प्रचलित कानुन बमोजिम गर्नु गराउनु होला ।

(१) अनुमति प्राप्त गर्ने फोर्मको कम्पनिको नामः

(२) फोर्म कम्पनि संचालकको नामः

(३) ठेगानाः-

(४) फोर्म कम्पनि सञ्चालन हुने स्थानः-

(५) चार किल्लाः-

अनुमति प्रदान गर्ने अधिकृतको

नाम :

दर्जा :

दस्तखत :

पुनश्चः यो अनुमति पत्र हराएमा च्यातिएमा वा मासिएमा प्रतिलिपि प्रमाण पत्र लिन रू. १०००/- (अक्षरुपी हजार रुपैंया मात्र) दस्तुर लाग्नेछ।

## अनुसूची- ३

**(दफा ५ को उपदफा १, दफा १२ को उपदफा २ र दफा २२ संग सम्बन्धित)**

**घाटगद्दीका लागि न्यूनतम दुरी**

| क.स. | विवरण | दुरी |
|---|---|---|
| १ | नदीखोलाको वर्षातको प्रवाहमा आधारित सिमा किनारबाट | ५०० मिटर |
| २ | ताल तलौया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाट क्षेत्रको किनार बाट | ३०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय बाट | १ कि. मी. |
| ४ | वस्तिबाट वा सम्भावित बस्तिघाट | १ कि. मी. |
| ५ | घनावस्ति बाट | १ कि. मी. |
| ६ | बन क्षेत्रबाट | १ कि. मी. |
| ७ | झुलुङ्गे पुलबाट | २०० मिटर |
| ८ | पक्की पुलबाट | ५०० मिटर |
| ९ | लोक मार्गको right of the way बाट | २०० मिटर |
| १० | हाइटेन्सेन लाइन बाट | २०० मिटर |

**क्रसर वा अस्थायी क्रसर सो प्रकृतिको उधोग स्थापनाका लागी न्युनतम दुरी**

| क.स. | विवरण | दुरी |
|---|---|---|
| १ | नदी वा खोलाको वर्षातको प्रवाहमा आधारित सिमा किनारबाट | ५०० मिटर |
| २ | ताल तलौया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाट क्षेत्रको किनार बाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय बाट | २ कि. मी. |
| ४ | वस्तिबाट वा सम्भावित बस्तिबाट | २ कि. मी. |
| ५ | घनावस्ति बाट | २ कि. मी. |
| ६ | बन क्षेत्रबाट | २ कि. मी. |
| ७ | झुलवे पुलबाट | २०० मिटर |
| ८ | पक्की पुलबाट | ५०० मिटर |
| ९ | लोक मार्गको right of the way बाट | ५०० मिटर |
| १० | हाइटेन्सेन लाइन बाट | २०० मिटर |

**अनुसूची- ४**

**(दफा १४ को उपदफा १ संग सम्बन्धित)**

**नदीजन्य पदार्थको राजश्व दररेट**

नदीजन्य पदार्थको राजश्व दररेट गण्डकी प्रदेश आर्थिक ऐनले निर्धारण गरे बमोजिमको दर नघट्ने गरी गण्डकी गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

अस्थायी क्रसर उद्योग वाफतको दस्तुर गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची -५
## (दफा १८ संग सम्बन्धित)
## <u>कसुर र दण्ड सजाय</u>

| प्रकार | जरिवाना रु | कैफियत |
|---|---|---|
| भ्याट जारी नगरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | आर्थिक ऐनमा व्यवस्था नभएको अवस्थामा कार्यपालिकाको निर्णय अनुसार हुनेछ। |
| घाटगद्दीको अनुमति बिना कारोबार गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| स्वीकृत दररेट......भन्दा बढीलिएको पाईएमा | उपलब्ध रसिद रकमको दोब्बर | |
| रसिद उपलब्ध नगराई कारोबार गरेको पाईएमा | स्वीकृत दरको दोब्बर | |
| समयमै किस्ता नबुझाएमा | सम्झौता बमोजिम हुनेछ | |
| नदीको वहाव भित्र मेशिन प्रवेश गराइ सामाग्री संकलन गरेको अवस्थामा पक्राउ परेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| विना इजाजत मेशिन औजार प्रयोग गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| तोकिएको भन्दा वढी गहिराइमा प्रवेश गरी उत्खनन गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| तोकिएको भन्दा वढी संख्यामा मेशिन प्रयोग गरेमा प्रति मेशिनको | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| रातीको समयमा उत्खनन वा संकलन गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| नदीको वहाव परिवर्तन गरी उत्खनन गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| निषेधित क्षेत्रमा प्रवेश गरी उत्खनन वा संकलन गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| माथि उल्लेखित कसुर क्रमशः प्रथम पटक र पछिल्ला प्रत्येक पटक दोहोर्याएमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| पानी चुहाउदै नदीजन्य श्रोतको ढुवानी गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| प्रवेश पास,राजस्व तिरेको निस्सा नलिई उत्खनन, संकलन स्थलमा प्रवेश गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| उत्खनन वा संकलन कार्यको लगत/तेरिज नराखेमा वा चोरी निकासी संकलन गरेमा वा सडक क्षेत्राधिकार भित्र सञ्चय गरीराखेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |
| उल्लेख गरिए वाहेकका अन्य कसुर गरेमा | आर्थिक ऐनले निर्धारण गरे बमोजिम | |

**अनुसूची - ६**

**(दफा ११ को उपदफा १ संग सम्बन्धित)**

**नदीजन्य पदार्थको भण्डारण (स्टक) का लागि न्यूनतम मापदण्ड र दूरी**

| क्र.स. | विवरण | दुरी |
|---|---|---|
| १ | नदीखोलाको वर्षातको प्रवाहमा आधारित सिमा किनारवाट | ५०० मिटर |
| २ | ताल तलौया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाट क्षेत्रको किनार बाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय बाट | २ कि.मी. |
| ४ | घना वस्तिबाट वा सम्भावित बस्तिवाट | २ कि.मी. |
| ५ | बन क्षेत्रबाट | २ कि.मी. |
| ६ | झोलुङ्गे पुलबाट | २०० मिटर |
| ७ | पक्की पुलबाट | ५०० मिटर |
| ८ | लोक मार्गको right of the way | ५०० मिटर |
| ९ | जग्गाको विवरणः जग्गाको क्षे.फ | १० रोपनी |
| १० | भण्डारण स्थल वरिपरि घेरवारको व्यवस्था हुनुपर्ने | |
| ११ | आसपासका वासिन्दा (चार किल्ला) को सहमति भएको हुनुपर्ने | |
| १२ | भण्डारण गर्ने र विक्रि वितरण गर्ने प्रयोजनका कार्य बाहेकका कार्य गर्न नपाउने | |

अनुसूची - ७

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

**नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट**

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा गेगर जस्ता पदार्थको परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औंलाएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगायको भएमा | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ।

**अनुसूची - ८ क**

**(दफा ८ को उपदफा २ सँग सम्बन्धित)**

**<u>नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना</u>**

(प्रथम पटक प्रकाशित मितिः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस गाउँपालिकाको आर्थिक ऐन, २०... को दफा को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ....... को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिलः

| सि.नं. | सूचना/ नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

शर्तहरुः

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व...............को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा.........बैंक शाखा कार्यालय...........................मा रहेको यस कार्यालयको खाता नं.......................मितिले मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले...................औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

वोलपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको.............प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको.......................मा

रहेको धरौटी खाता नं...........................जम्मा गरी सो को सकल बैंक भौचर वा ...............बैंकबाट इजाजत प्राप्त ........... बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ............दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा संही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ...........औं दिन दिनको...............बजे भित्र यस कार्यालयम्स हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको.........बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले............ औं दिन दिनको.......बजे......गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

वोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत...........प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत........... प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त............... बैंकबाट यस कार्यालयको नाममा..........साल..........मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप........% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्वन्धित स्थानीय तहबाट

जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बाताबरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website मा समेत हेर्न सकिनेछ ।)

GANDAKI RURAL MUNICIPALITY
गण्डकी गाउँपालिका

**अनुसूची- ८ ख**
**(दफा १० को उपदफा १ सँग सम्बन्धित)**
**ठेक्का सम्झौता फाराम**

लिखितम..........नाती......................छोरा...........गाउँपालिका वा नगरपालिका वडा नं...........स्थायी घर भई हाल.............जिल्ला ................गाउँपालिका वा नगरपालिका वडा नं. .........मा बसोवास गर्दै आएको वर्ष को तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको......................क्षेत्रमा ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति..................... को ठेका नं.............को सूचना (मु.अ.कर बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.ब..... का लागि बाहेक) मा तपाईसंग ठेक्का सम्झौता गर्न मिति.................मा यस कार्यालयवाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा गाउँपालिकाको तर्फवाट आय सङ्कलन गर्ने ठेक्काको मनजुरी भई सम्झौता गर्ने उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको शर्तमा, कुनै घटीबढी नपारी कामकाज गरी मितिमा यस कार्यालयलाई..... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ..........देखि मिति.......... (मू.अ.कर बाहेक) बुझाई मिति....... सम्म आ.व........ को लागि ठेक्का चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिलः

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व..........का लागि......... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु........... /-(मु.अ.कर बाहेक) बुझाई वा प्रथम किस्ता बापतको रु. .......... (मू.अ.कर बाहेक) बुझाइ........ गते देखि........सम्म सङ्कलन गर्नेछु । ....... सम्मको लागि प्रचलित कानूनको अधीनमा रही.......आय संकलन गर्नेछु।

(२) उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी गाउँपालिकालाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम बुझाएको छु ।

(३) सो आय सङ्कलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा गाउँपालिकाबाट अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मन्जुर छ।

नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र विक्री वितरण गर्ने शर्तहरुः

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको र उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप............मु.अ.कर रकम समेत कट्टी गरी एकमुष्ट वा ............किस्तामा...........प्रतिशतका दरले .........मसान्त भित्र र......... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं बातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा विक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख पाईनेछैन ।

७. नेपाल सरकार वा गण्डकी गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

१२. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गण्डकी गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको

रकमको साथै बाँकी किस्ता रकमको......... % का दरले व्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ ।

१३. गण्डकी गाउँपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१४. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था वमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।।

१५. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा गण्डकी गाउँपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राखे स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१६. आ.व. ....... को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्री दर रु ..... मा मू.अ.कर बापत ...........प्रतिशत थप गरी निम्न अनुसार विक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१७. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम गाउँपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्रि बापत गाउँपालिका लाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

(प्रति घन फिटमा)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने विक्री मूल्य वा शुल्क(……%) | मु.अ.कर रकम | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |

१९. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरबका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन।

२४. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

२५. कल्भर्ट, सड़क, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जाग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए बन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले वाटो निर्माण गर्नु पर्नेछ।

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि..........सम्म विहान..............बजे देखि वेलुका..........बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

२८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२९. ठेक्का लागेको स्थानवाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३०. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३१. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३३. स्वीकृत बातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची - ८ग
## (दफा १० को उपदफा १ सँग सम्बन्धित)
## <u>पट्टाको फाराम</u>

गण्डकी गाउँपालिकावाट श्री..........को नाती...........को छोरा............... जिल्ला ............गा.पा. वा न.पा. वडा नं....... स्थायी घर भई हाल............... गा.पा. वा न.पा. को वडा नं......... मा बसोवास गर्दै आएको वर्ष..........को............ले......................... कानून बमोजिम ..................... गाउँपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस गण्डकी गाउँपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व..................को लागी रु................./-(मू.अ.कर बाहेक) अक्षरेपी मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति........... मा यस गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका आ.व. सम्म शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत गरिदिनु भएको हुँदा कबुलियत बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र गण्डकी गाउँपालिकालाई सम्पूर्ण किस्ताको रकम रु................ वा प्रथम किस्ता बापतको रकम रु............... बुझाई मिति.......... देखि मिति................ को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा विक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदैं दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस गण्डकी गाउँपालिकाबाट ठेक्का चलानको गरिदिईएको छ ।

तपसिल

१. सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.................को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु............/- बुझाई........साल..........गते देखि................साल सम्मलाई प्रचलित कानूनको अधिनमा रही गण्डकी गाउँपालिकाको आय सङ्कलन गर्ने।
२. उक्त आय सङ्कलन गर्नका निमित्त गण्डकी गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।
३. सो आय सङ्कलन गर्न गण्डकी गाउँपालिकाको कार्यालयवाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि

लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

४. अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ।

५. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू, फि.) | ढुङ्गा (क्यू, फि.) | ग्राभेल गिट्टी (क्यू, फि.) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

GANDAKI RURAL MUNICIPALITY
गण्डकी गाउँपालिका

**अनुसूची - ९**

**(दफा ११ को उपदफा १ सँग सम्बन्धित**

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि बातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश।

नदीको नामः

नाका वा स्थानको नामः

प्रवेश नादेश मितिः समयः प्रवेश आदेश नः

नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन .नः

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः

४. निकाली लैजाने पदार्थको परीमाणः

५ ढुवानी गरी लैजाने स्थान

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजन

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने।

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने..........................)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।।

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहिः

**अनुसूची - १०क**
**(दफा १७ को उपदफा ६ सँग सम्बन्धित)**
**(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख।

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुरर्भिनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

**अनुसूची - १०ख**
**(दफा १७ को उपदफा ६ सँग सम्बन्धित)**
**<u>दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज</u>**

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज।

नदी वा खानीको नामः-

नाकाको नामः-

मितिः-

| क्र.सं. | ढुवानी मिति | पटके बिकी आदेश न. | पटकेबिक्री भएको परिणाम | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा गण्डकी गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

## अनुसूची - ११
### (दफा २० को उपदफा ४(घ) सँग सम्बन्धित)
### गण्डकी गाउँपालिका अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| कसं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्स्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दूरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्री ढुवानी तेरिज़ | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रवन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङग पोण्ड) को व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मूल्यको पालना<br>अन्य कुनै विषयहरु | | |

GANDAKI RURAL MUNICIPALITY
गण्डकी गाउँपालिका

**अनुसूची - १२**

**(दफा २४ सँग सम्बन्धित)**

**<u>उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना</u>**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि बातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण (घनफिटः)

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६ उत्खनन् गर्ने अवधिः मिति.................गते बाट...................भित्र।

(कुनै गुनासो वा थप जानकारीको लागि गण्डकी गाँउपालिकामा सम्पर्क गर्ने)

| अनुसूची | विषयवस्तु | सम्बन्धीत दफा |
|---|---|---|
| १ | नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना, भण्डारण र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा | (दफा ४ को उपदफा १ र १२ को उपदफा ८ संग सम्बन्धित) |
| २ | नदीजन्य पदार्थमा आधारित उधोग घाटगद्दी स्थापना, भण्डारण र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा | (दफा ४ को उपदफा २ संग सम्बन्धित) |
| ३ | घाटगद्दीका लागि न्यूनतम दुरी क्रसर वा अस्थायी क्रसर सो प्रकृतिको उधोग स्थापनाका लागी न्युनतम दुरी | (दफा ५ को उपदफा १, दफा १२ को उपदफा २ र दफा २२ संग सम्बन्धित) |
| ४ | नदीजन्य पदार्थको राजश्व दररेट | (दफा १४ को उपदफा १ संग सम्बन्धित) |
| ५ | कसुर र दण्ड सजाय | (दफा १८ संग सम्बन्धित) |
| ६ | नदीजन्य पदार्थको भण्डारण (स्टक) का लागि न्यूनतम मापदण्ड र दूरी | (दफा ११ को उपदफा १ संग सम्बन्धित) |
| ७ | नदीको वातावरणीय अवस्था निरिक्षण चेक लिष्ट | (दफा ८ को उपदफा १ सँग सम्बन्धित) |
| ८क | नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना | (दफा ८ को उपदफा २ सँग सम्बन्धित) |
| ८ख | ठेक्का सम्झौता फाराम | (दफा १० को उपदफा १ सँग सम्बन्धित) |
| ८ग | पट्टाको फाराम | (दफा १० को उपदफा १ सँग सम्बन्धित) |
| ९ | पटके प्रवेश आदेश | (दफा ११को उपदफा १ सँग सम्बन्धित |
| १०क | उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख | (दफा १७ को उपदफा ६ सँग सम्बन्धित) |
| १० ख | दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज | (दफा १७ को उपदफा ६ सँग सम्बन्धित) |
| ११ | गाउपालिका अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट | (दफा २० को उपदफा ४(घ) सँग सम्बन्धित) |
| १२ | उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना | (दफा २४ सँग सम्बन्धित) |

आज्ञाले

तुलसी राम आचार्य

प्रमुख प्रशासकीय अधिकृत